# काठमाडौँ महानगरपालिका
# मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यविधि, २०७८

**स्वीकृत मिति : २०७८।४।१९**

**<u>प्रस्तावना :</u>** मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्यलाई नियन्त्रण गर्न र त्यस्तो कार्यबाट पीडित भएका व्यक्तिहरूको संरक्षण, पुनःस्थापना , क्षमता विकास तथा स्वरोजगारी सिर्जना गर्ने सम्बन्धमा स्थानीय सरकारकोतर्फबाट समेत नीतिगत, कानुनी र संस्थागत प्रबन्ध गर्न वाञ्छनीय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ को खण्ड (ग) क्रमसङ्ख्या ३२ द्वारा प्रदत्त अधिकारको प्रयोग गर्न ऐ. ऐनको दफा १०२ को उपदफा (२) र काठमाडौँ महानगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम काठमाडौँ महानगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>सङ्क्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस कार्यविधिको नाम **"काठमाडौँ महानगरपालिका मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यविधि, २०७८"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"ऐन"** भन्नाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई सम्झनुपर्छ ।

(ख) **"उपप्रमुख"** भन्नाले काठमाडौँ महानगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

(ग) **"कर्मचारी"** भन्नाले काठमाडौँ महानगरपालिकामा कार्यरत कर्मचारीलाई सम्झनुपर्छ ।

(घ) **"जनप्रतिनिधि"** भन्नाले काठमाडौँ महानगरपालिकाको नगरसभाका सदस्यहरूलाई सम्झनुपर्छ ।

(ङ) **“जिल्ला समिति”** भन्नाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ को नियम ६ बमोजिमको समितिलाई सम्झनुपर्छ ।

(च) **“नियमावली”** भन्नाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ लाई सम्झनुपर्छ ।

(छ) **“प्रमुख”** भन्नाले काठमाडौँ महानगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ज) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले काठमाडौँ महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(झ) **“विभाग”** भन्नाले काठमाडौँ महानगरपालिका अन्तर्गतको सामाजिक विकास विभागलाई सम्झनुपर्छ ।

(ञ) **“महानगरपालिका”** भन्नाले काठमाडौँ महानगरपालिकालाई सम्झनुपर्छ ।

(ट) **“राष्ट्रिय समिति”** भन्नाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ को नियम ३ बमोजिमको समितिलाई सम्झनुपर्छ ।

(ठ) **“वडा समिति”** भन्नाले दफा ७ बमोजिमको महानगरपालिका अन्तर्गतको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण वडा समितिलाई सम्झनुपर्छ ।

(ड) **“समिति”** भन्नाले दफा ५ बमोजिमको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण महानगर समितिलाई सम्झनुपर्छ ।

(ढ) **“सामाजिक विकास समिति”** भन्नाले काठमाडौँ महानगरपालिका नगर कार्यपालिकाअन्तर्गतको सामाजिक विकास समितिलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी व्यवस्था

३. **मानव बेचबिखन तथा ओसारपसार गर्न निषेध** : (१) कसैले पनि मानव बेचबिखन तथा ओसारपसार गर्नु गराउनु हुँदैन । यस्तो कार्य कानुनतः निषेधित मानिन्छ ।

(२) उपदफा (१) बमोजिमको कार्य भए गरेको सूचना प्राप्त भएमा जुनसुकै व्यक्तिले महानगरपालिका वा अन्तर्गतका वडा कार्यालयहरूमा सोको लिखित वा मौखिक जानकारी गराउन सक्ने छ ।

(३) उपदफा (२) बमोजिमको जानकारी प्राप्त भएपश्चात महानगरपालिका वा वडा कार्यालयले सम्बन्धित प्रहरी कार्यालयमा अनुसन्धानका लागि पत्राचार गर्ने छ ।

४. **<u>मानव बेचबिखन तथा ओसारपसार गरेको मानिने</u>** : (१) कसैले देहायको कार्य गरे वा गराएमा मानव बेचबिखन गरेको मानिने छ :-

(क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,

(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,

(ग) प्रचलित कानुनबमोजिम बाहेक मानिसको अङ्ग झिक्ने,

(घ) वेश्यागमन गर्ने ।

(२) कसैले देहायको कुनै कार्य गरे वा गराएमा मानव ओसारपसार गरेको मानिने छ :-

(क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने,

(ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाईफकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपन्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद तथा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा कसैलाई दिने ।

(३) यस दफाबमोजिम मानव बेचबिखन तथा ओसारपसारको कसुर गरेको वा गरिरहेको वा गर्न लागेको थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुर गर्न सक्ने छ ।

(४) उपदफा (१) वा (२) बमोजिमको कसुर गरेको वा गरिरहेको वा गर्न लागेको जानकारी प्राप्त भएमा महानगरपालिकाको जनप्रतिनिधि वा कर्मचारीले सोको लिखित जानकारी तत्काल नजिकको प्रहरी कार्यालयमा दिनुपर्ने छ ।

(५) यस दफाबमोजिम प्रहरी कार्यालयमा उजुरी परी ऐनबमोजिम कसुरदारलाई पक्राउ गर्ने वा खानतलासी लिने कार्यमा महानगरपालिका अन्तर्गतका वडाका जनप्रतिनिधिले रोहबरमा बसी मुचुल्कामा सहीछाप गर्नेलगायतका कार्यमा सहयोग गर्नुपर्ने छ ।

## परिच्छेद-३

## समितिसम्बन्धी व्यवस्था

५. **मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण महानगर समितिको गठन :** (१) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न तथा पीडितको संरक्षण, पुन:स्थापना , क्षमता विकास र स्वरोजगारी सिर्जना गर्न महानगरपालिकामा एक मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण महानगर समितिको गठन हुने छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका पदाधिकारीहरू रहने छन् :-

| | | |
|---|---|---|
| (क) | प्रमुख | - संयोजक |
| (ख) | उपप्रमुख | - सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) | संयोजक, सामाजिक विकास समिति | - सदस्य |
| (ङ) | प्रमुख, महानगरीय प्रहरी परिसर | - सदस्य |
| (च) | प्रमुख, महानगरपालिकाको कानुन तथा मानव अधिकार विभाग | - सदस्य |
| (छ) | मानव बेचबिखन तथा ओसारपसार विरुद्ध क्रियाशील संस्थाको प्रतिनिधि एकजना | - सदस्य |

(ञ) मानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरूमध्येबाट महानगरपालिकाले मनोनीत गरेको एकजना - सदस्य

(झ) प्रमुख, विभाग - सदस्य-सचिव

(३) उपदफा (२) बमोजिमको समितिको बैठकमा विषय विज्ञ वा अन्य सरोकारवालालाईसमेत आमन्त्रण गर्न सक्ने छ ।

६. **समितिको काम, कर्तव्य र अधिकार** : दफा ५ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :-

(क) मानव बेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ख) मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित महानगरस्तरीय तथ्याङ्क सङ्कलन, लगत तथा अभिलेख अद्यावधिक गर्ने र नियमानुसार जिल्ला समिति, प्रदेश सरकार तथा राष्ट्रिय समितिलाई उपलब्ध गराउने,

(ग) पीडितको उद्धार, संरक्षण, न्याय तथा पुनःस्थापना का लागि आवश्यक समन्वय गर्ने,

(घ) जोखिममा रहेका व्यक्तिहरूको तत्काल उद्धार, संरक्षण र पुनःस्थापना, क्षमता विकास तथा स्वरोजगारका कार्यक्रमहरू सञ्चालन गर्ने/गराउने,

(ङ) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कोष स्थापना र सञ्चालन गर्ने,

(च) विदेशमा रहेका नेपाली पीडित भएको पहिचान भएमा वा त्यस्तो उजुरी वा निवेदन प्राप्त भएमा आवश्यक सहायताका लागि राष्ट्रिय समितिमा पत्राचार, समन्वय र सहकार्य गर्ने,

(छ) सरोकारवालाहरूसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी मानव बेचबिखन तथा ओसारपसारबाट पीडित व्यक्तिहरूको क्षमता अभिवृद्धि गर्ने र स्वरोजगारको सिर्जना गर्ने,

(ज) महानगरपालिका क्षेत्रभित्र कर्यक्षेत्र बनाई क्रियाशील रहेका रोजगार प्रवर्धक संस्था, महिला विकास, बाल अधिकार प्रवर्धन, कृषि विकास, यातायात व्यवसायी, होटल व्यवसायी, ज्येष्ठ

नागरिक केन्द्र, बाल क्लब, नागरिक समाज, सञ्चार क्षेत्रमा क्रियाशील संस्थाहरू, सीप विकासजस्ता समुदायमा केन्द्रित कार्यक्रमहरूलाई पीडित तथा जोखिम क्षेत्रका बासिन्दाहरूलाई लक्षित गरी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने/गराउने,

(झ) महानगरपालिका क्षेत्रभित्र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि भए गरेका कार्यक्रमहरूको अनुगमन गर्ने, प्रतिवेदन तयार गर्ने र नगर सभामा पेस गर्ने,

(ञ) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा वकालत गर्ने र महानगरपालिका तथा वडाहरूलाई सुझाव दिने,

(ट) जोखिम क्षेत्रको पहिचान र अनुगमन गरी पीडितको न्यायमा पहुँच अभिवृद्धि गर्न आवश्यक योजना, कार्यक्रम तथा बजेट तयार गरी पेस गर्ने,

(ठ) वडास्तरीय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समितिसँग समन्वय गरी कार्य गर्ने/गराउने,

(ड) सङ्घ तथा प्रदेश सरकारका सम्बद्ध निकायहरूसँग समन्वय तथा सहकार्य गरी महानगर क्षेत्रलाई मानव बेचबिखन तथा ओसारपसारमुक्त क्षेत्र बनाउन आवश्यक नीति, योजना तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने/गराउने,

(ढ) मानव बेचबिखन तथा ओसारपसारविरुद्ध महानगरस्तरमा क्रियाशील सङ्घसंस्थाहरूसँग समन्वय गरी कार्य गर्ने,

(ण) मानव बेचबिखन तथा ओसारपसारबाट पीडित भएका व्यक्तिहरूको लागि पुनःस्थापना केन्द्र, तालिम केन्द्र तथा स्वरोजगार प्रवर्धन केन्द्र सञ्चालन गर्ने,

(त) तोकिएबमोजिमका अन्य कार्य गर्ने/गराउने ।

७. **मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण वडा समिति :** (१) महानगरपालिकाअन्तर्गतका वडाहरूमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न वडा अध्यक्षको संयोजकत्वमा एक मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण वडा समिति गठन हुने छ ।

(२) उपदफा (१) बमोजिम गठित समितिमा देहायबमोजिमका सदस्यहरू रहने छन :-

| | | |
|---|---|---|
| (क) | वडा अध्यक्ष | - संयोजक |
| (ख) | महिला सदस्य | - सदस्य |
| (ग) | स्थानीय प्रहरी प्रमुख वा प्रतिनिधि | - सदस्य |
| (घ) | वडाभित्रका सामुदायिक विद्यालयहरूमध्ये वडा अध्यक्षबाट मनोनीत एक जना प्रधानाध्यापक | - सदस्य |
| (ङ) | मानव बेचबिखन विरुद्ध क्रियाशील गैससमध्येबाट वडा अध्यक्षले मनोनीत गरेको प्रतिनिधि एक जना | - सदस्य |
| (च) | महिला सञ्जाल/बाल सञ्जाल/जेष्ठ नागरिक केन्द्र/आमा समूह आदि मध्येबाट वडाले मनोनीत गरेको सर्वाधिक क्रियाशील संस्थाको प्रतिनिधि एक जना | - सदस्य |
| (छ) | वडा सचिव | - सदस्य-सचिव |

८. **मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण वडा समितिको काम, कर्तव्य र अधिकार** : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण वडा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :-

(क) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न वडास्तरमा आवश्यक पर्ने योजना तथा कार्यक्रमको पहिचान गर्ने, योजना तर्जुमा गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने/गराउने,

(ख) आफ्नो वडाभित्र मानव बेचबिखन तथा ओसारपसारको कारण जोखिममा रहेका व्यक्तिहरूको तत्काल उद्धार गर्ने,

(ग) मानव बेचबिखन तथा ओसारपसार विरुद्ध वडास्तरमा जनचेतना अभिवृद्धि गर्ने/गराउने,

(घ) वडास्तरमा क्रियाशिल सङ्घसंस्था तथा सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय गर्ने,

(ङ) विभिन्न निकायहरूको समन्वय तथा सहकार्यमा मानव बेचबिखन नियन्त्रण, पीडितको उद्धार, संरक्षण, न्याय तथा पुनःस्थापना कार्यमा सहयोग गर्ने,

(च) वडाभित्र भए गरेका कार्यक्रमहरूको अनुगमन गर्ने, प्रतिवेदन तयार गर्ने र समितिसमक्ष पेस गर्ने,

(छ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने/गराउने ।

९. **बैठकसम्बन्धी कार्यविधि** : समिति तथा वडा समितिको बैठकसम्बन्धी कार्यविधि देहायबमोजिम निर्धारण गरिएको छ :-

(१) समितिको बैठक वर्षको कम्तीमा ३ पटक तथा आवश्यकताअनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने छ ।

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य-सचिवले बोलाउने छ ।

(३) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना र छलफल हुने विषयहरूको सूची एक दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनुपर्ने छ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्ने छ ।

(६) बैठकमा उपस्थित सदस्यहरूको बहुमतको निर्णय मान्य हुने छ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिने छ ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गर्ने छन् ।

(८) समितिको बैठक तथा सञ्चालन खर्च महानगरपालिकाको नियमानुसार हुने छ ।

(९) बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैँले निर्धारण गरेबमोजिम हुने छ ।

१०. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने** : (१) यस कार्यविधिको प्रभावकारी कार्यान्वयन गर्न समितिले निर्णय गरी विभिन्न विषयगत क्षेत्रमा अध्ययन, अनुसन्धान, अवलोकन, अनुगमन तथा समितिको निर्णय कार्यान्वयन गर्न गराउन उपसमिति वा कार्यदल गठन गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार, कार्य प्रकृतिअनुसार काममा खटिए वा काम गरेबापत उपसमिति/कार्यदल वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा अन्य सेवासुविधा समितिले तोकेबमोजिम हुने छ ।

## परिच्छेद-४

## विविध

११. **प्रगति प्रतिवेदन** : (१) समिति तथा वडा समितिबाट भए गरेका काम कारबाहीको चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन महानगरपालिकासमक्ष पेस गर्नुपर्ने छ ।

१२. **मापदण्ड तथा दिग्दर्शन जारी गर्न सक्ने** : समितिले यो कार्यविधि कार्यान्वयन गर्न आवश्यक पर्ने मापदण्ड वा दिग्दर्शन बनाई कार्यान्वयनमा ल्याउन सक्ने छ ।

१३. **बाधा, अड्काउ फुकाउने** : यो कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा, अड्काउ परेमा समितिले त्यस्तो बाधा, अड्काउ फुकाउन सक्ने छ ।